नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई

फोन: ०६३-४२०४३८ (सोधपुछ)
०६३-४२११३०(का.प्र.)
०६३-४२०२३१(प्र.)
Email: nradlpiusyz@gmail.com

# जिल्ला आयोजना कार्यान्वयन इकाई

## (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

## स्याङ्जा

प.सं. : ०७७/७८
च.नं. : ३६३

मिति : २०७७/१२/२४

श्री नगर कार्यपालिकाको कार्यालय/गाउँ कार्यपालिकाको कार्यालय (सबै),
स्याङ्जा ।

विषय : जानकारी पठाइएको सम्बन्धमा ।

केन्द्रीय आयोजना कार्यान्वयन इकाई(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)को प.सं. ०७७/७८, च.नं.१३२२, मिति २०७७/१२/२२ को पत्र बमोजिम भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को संशोधनमार्फत प्रवलीकरणका लागि पहिलो किस्ताबापत अनुदान लिई प्रवलीकरणको सट्टामा घरको सामान्य मर्मतसम्भार गरेको लाभग्राहीले निजले लिएको अनुदान रकम फर्छ्यौट गर्न निवेदन दिएमा प्राधिकरणबाट खटिएका प्राविधिकको प्रतिवेदनको आधारमा त्यस्तो अनुदान रकम फर्छ्यौट गर्ने गरी कार्यविधिमा संशोधन भएकोले संशोधित निर्णय संलग्न पत्रको छायाप्रति पाना-५ यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ। साथै सो जानकारीलाई तहाँ पालिका अन्तर्गतका वडा कार्यालयहरुमा समेत पठाइदिनु हुन अनुरोध छ ।

..................
(प्रवीण ढकाल)
कार्यालय प्रमुख

**बोधार्थः**
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौं।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), ज्वागल, ललितपुर ।

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# केन्द्रीय आयोजना कार्यान्वयन इकाई

## (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

ज्वागल, ललितपुर
मिति: २०७७/१२/२२

प.सं.: २०७७/०७८
च.नं.: १३२२.

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),
सिन्धुपाल्चोक, गोरखा, काठमाण्डौ, भक्तपुर, नुवाकोट, ललितपुर, रसुवा, दोलखा, काभ्रेपलान्चोक, ओखलढुङ्गा, सिन्धुली, रामेछाप, धादिङ, मकवानपुर, धनकुटा, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्वु, चितवन, कास्की, नवलपरासी, लम्जुङ्ग, तनहुँ, अर्घाखाँची, गुल्मी, पाल्पा, स्याङ्जा, पर्वत, वाग्लुङ्ग, र म्याग्दी ।

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कर्मचारी प्रशासन शाखाको प.सं. ०७७।०७८, च.नं. १८०९, मिति २०७७।१२।१९ को पत्रानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ६२१/४६००, मिति २०७६।१२।१७ को पत्र साथ प्राप्त निर्णयको प्रतिलिपी संलग्न गरी कार्यान्वयनका लागि प्राप्त हुन आएको हुँदा आवश्यक कार्यान्वयनका लागि तहाँ पठाईएको व्यहोरा अनुरोध छ ।

पुनश्चः राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कर्मचारी प्रशासन शाखाको प.सं. ०७७।०७८, च.नं. १८०९, मिति २०७७।१२।१९ को पत्र र सोमा संलग्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र एवं निर्णय समेतको छायाँप्रति (पाना-४) यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

०७७/१२/२२
..............................
(नारायण प्रसाद श्रेष्ठ)
सि.डि.ई.

**बोधार्थ:**
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
सिंहदरबार, काठमाडौं ।

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(कर्मचारी प्रशासन शाखा)

सिंहदरवार, काठमाण्डौ
फोन : ०१-४२००५९०

पत्र संख्या :०७७/०७८
च.नं. : १८०९

मिति : २०७७/१२/१९

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन), बबरमहल ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा), ज्ञानेश्वर ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), ज्वागल ।

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ६२१/४६००, मिति २०७७/१२/१७ को पत्र साथ प्राप्त निर्णयको प्रतिलिपी यसै साथ संलग्न छ । सोही अनुसार कार्यान्वयन गर्नु गराउनहुन आदेशानुसार अनुरोध छ ।

(गंगा सुवेदी भट्टराई)
शाखा अधिकृत

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : मं.बै./३२१/ ४४२५
च.नं. :

मिति: २०७७/१२/५

श्री सचिव,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (तेस्रो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने विषय मं.प.बै.सं. ७४/०७७ मिति २०७७/१२/५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (तेस्रो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दर्ता नं. १/२६-०७७/१०/२६ को प्रस्ताव मं.प.बै.सं. ६६/०७७ मिति २०७७/१०/२९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७७/११/१९ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन भएबमोजिम स्वीकृत गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. : ४२/०७७
म.स.सं./३२२/४०८२

मिति: २०७७।११।१९

श्रीमान् मुख्यसचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

मिति २०७७।११।१९ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको ब्यहोरा अनुरोध गर्दछु ।

"भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (तेस्रो संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दर्ता नं. १/२६-०७७।१०।२६ को प्रस्ताव मं.प.बै.सं. ६६/०७७ मिति २०७७।१०।२९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश भई छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरू समेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (तेस्रो संशोधन) कार्यविधि, २०७७" स्वीकृतिका लागि मन्त्रिपरिषद्समक्ष पेश गर्ने ।"

(बैकुण्ठ अर्याल)
सचिव

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

## भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण(तेस्रो संशोधन) कार्यविधि, २०७७

भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१.<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण (तेस्रो संशोधन) कार्यविधि २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि,२०७३ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ५ मा संशोधनः मूल कार्यविधिको दफा ५ को उपदफा (१) को खण्ड (ग) पछि देहायका खण्ड (ग१) र (ग२) थपिएका छन:-

"(ग१) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रवलीकरण वर्गमा कायम भएको कुनै लाभग्राहीले सामान्य क्षति पुगेको घर प्रवलीकरण नगरी मर्मत संभारका लागि अनुदानको स्वरुप परिवर्तन गर्न माग गरेमा निजलाई सुविधा दोहोरो नपर्ने गरी प्राधिकरणबाट खटिएका स्थानीय प्राविधिकको प्रतिवेदनको आधारमा एकमुष्ट पचास हजार रुपैयाँ उपलब्ध गराइनेछ।

(ग२) खण्ड (ग) बमोजिम अनुदान सम्झौता गरी प्रवलीकरणका लागि पहिलो किंस्ता बापत अनुदान रकम लिई प्रवलीकरणको सट्टामा घरको सामान्य मर्मतसंभार गरेको लाभग्राहीले निजले लिएको अनुदान रकम फछ्र्योट गर्न निवेदन दिएमा प्राधिकरणबाट खटिएका स्थानीय प्राविधिकको प्रतिवेदनको आधारमा त्यस्तो अनुदान रकम फछ्र्योट गरिनेछ ।"

३. मूल कार्यविधिमा दफा ५क. थपः मूल कार्यविधिमा दफा ५ पछि देहायको दफा ५क.थपिएको छः-

५क. <u>लाभग्राहीको लगत कट्टा गर्नेः</u> यस कार्यविधि बमोजिम निजी आवास पुनर्निर्माण एवं प्रवलीकरणका लागि अनुदान रकम वितरण गर्न लगत संकलन भएका लाभग्राहीले प्राधिकरणले तोकेको मितिभित्र अनुदान सम्झौता गर्न नआएको वा अनुदान सम्झौता गरेको भए तापनि सम्झौता वमोजिम अनुदान रकम नलिएको र कार्य प्रारम्भ नगरेको भएमा प्राधिकरणले त्यस्ता लाभग्राहीको विवरण तयार गरी लगत कट्टा गर्नेछ ।